# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, फागुन २५ गते २०३९ साल (पूर्वातिरिक्ताङ्क ५० (घ)

श्री ५ को सरकार

### पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको

### सूचना

एकीकृत ग्रामीण विकास समिति (गठन) आदेश, २०३९

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस आदेशको नाम "एकीकृत ग्रामीण विकास समिति (गठन) आदेश, २०३९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत एकीकृत ग्रामीण विकास परियोजनाहरू सम्झनुपर्छ ।

३. समितिको गठन: (१) एकीकृत ग्रामीण विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्:–

(क) माननीय पञ्चायत तथा स्थानीय विकास मन्त्री – अध्यक्ष

(ख) माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग – उपाध्यक्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) माननीय स्थानीय विकास सहायक मन्त्री – सदस्य
(घ) राष्ट्रिय योजना आयोगको स्थानीय विकास हेर्नुहुने सदस्य – सदस्य
(ङ) सचिव, अर्थ मन्त्रालय – सदस्य
(च) सचिव, कृषि मन्त्रालय – सदस्य
(छ) सचिव, जलस्रोत मन्त्रालय – सदस्य
(ज) सचिव, स्वास्थ्य मन्त्रालय – सदस्य
(झ) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय– सदस्य
(ञ) सचिव, शिक्षा तथा संस्कृति मन्त्रालय – सदस्य
(ट) सचिव, निर्माण तथा यातायात मन्त्रालय – सदस्य
(ठ) सचिव, उद्योग मन्त्रालय – सदस्य
(ड) सचिव, सामान्य प्रशासन मन्त्रालय – सदस्य
(ढ) सचिव, पञ्चायत तथा स्थानीय विकास मन्त्रालय – सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिको बैठकमा सम्बन्धित परियोजनाको समन्वयकर्ता (को-अर्डिनेटर) वा परियोजना सम्बन्धित अन्य अधिकृतलाई पनि आमन्त्रण गर्न सकिनेछ ।

(५) समितिको आमन्त्रणमा स्वदेशी वा विदेशी विशेषज्ञले समितिको बैठकमा पर्यवेक्षकको रूपमा भागलिन सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) परियोजनालाई प्रभावकारी एवं सुव्यवस्थित रूपमा सञ्चालन गर्नु गराउनु समितिको कर्तव्य हुनेछ ।

(२) उप-दफा (१) मा उल्लिखित कर्तव्य पालनको लागि समितिले देहायका कार्यहरू गर्न सकिनेछः–

(क) एकीकृत ग्रामीण विकासका उद्देश्यहरू हासिल गर्न आवश्यक नीति निर्धारण गर्ने,

(ख) एकीकृत ग्रामीण विकासको निमित्त आवश्यक पर्ने विदेशी सहायता सम्बन्धमा नीति निर्धारण गरी श्री ५ को सरकारमा सिफारिश गर्ने,

(ग) एकीकृत ग्रामीण विकासका उद्देश्य तथा लक्ष्यहरू निर्धारण गर्ने,

(घ) परियोजनाको वार्षिक तथा आवधिक योजना तर्जुमा गर्न लगाई सञ्चालन गर्ने गराउने,

(ङ) परियोजना अन्तर्गतका कार्यक्रमहरूको प्रभावकारिताबारे पुनरावलोकन गर्ने र पुनरावलोकनबाट देखिएका समस्याहरू अनुरूप कार्यक्रमहरूमा हेरफेर गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) परियोजनाको लागि आवश्यक सहायता वा ऋण रकम समयमा उपलब्ध गराउन र खर्च गरिएको रकमको सोधभर्नाको लागि आवश्यक व्यवस्था मिलाउने,

(छ) आवश्यकता अनुसार नयाँ परियोजनाहरूको सम्भाव्यता अध्ययन गर्ने गराउने,

(ज) अन्तर्राष्ट्रिय क्षेत्रबाट थप सहयोगको खोजी गरी परियोजना विस्तार गर्ने वा नयाँ परियोजना सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने,

(झ) परियोजना अन्तर्गत सञ्चालन भएका कार्यक्रमहरूको कार्यान्वयनमा रेखदेख पुर्‍याउने र मूल्याङ्कन गर्ने,

(ञ) परियोजना अन्तर्गत सञ्चालन हुने विभिन्न कार्यक्रमहरूको बीच समन्वय कायम गर्ने,

(ट) परियोजना अन्तर्गतको कार्यक्रमहरूको कार्यान्वयनमा एकरूपता ल्याउन आवश्यक व्यवस्था मिलाउने,

(ठ) परियोजना सञ्चालन गर्ने सम्बन्धमा श्री ५ को सरकार र विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्था बीचमा भएको सम्झौतामा उल्लेख भए अनुसारको कामहरू गर्ने गराउने,

(ड) परियोजनाको लागि आवश्यक पर्ने दरबन्दी सृजना गरी कर्मचारीहरूको नियुक्ति लगायत अन्य आवश्यक व्यवस्था गर्ने,

(ढ) परियोजना सञ्चालन गर्न आवश्यक कर्मचारीहरूलाई करार सेवा वा काजमा लिने र निजहरूको सुविधा र सेवा शर्त तोक्ने,

(ण) परियोजनाको कर्मचारीहरूलाई स्वदेश वा विदेशमा अध्ययन, गोष्ठी, तालीम वा अवलोकन भ्रमणमा पठाउने,

(त) परियोजनाको लागि आवश्यकतानुसार स्वदेशी तथा विदेशी सल्लाहकारको व्यवस्था गर्ने,

(थ) परियोजना सञ्चालन गर्नको लागि आवश्यक उप-समितिहरू गठन गर्ने,

(द) परियोजना सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गर्ने,

(ध) परियोजना कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ ।

(२) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

६. समितिको कोषः (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछः

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) श्री ५ को सरकार मार्फत विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त रकम,

(ग) समितिले अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको कोषको सञ्चालन समितिले बनाएको नियम बमोजिम हुनेछ ।

७. लेखा र लेखापरीक्षणः (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीका बमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

८. अधिकार प्रत्यायोजनः समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्यहरूको उप-समिति वा परियोजनाको कुनै कर्मचारी-लाई प्रत्यायोजन गर्न सक्नेछ ।

९. नियम बनाउने अधिकारः समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ ।

१०. श्री ५ को सरकारसँग सम्पर्कः समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा पञ्चायत तथा स्थानीय विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

आज्ञाले,

रामनारायण श्रेष्ठ

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।